## मिति २०८२ पुस ७ गतेको सचिव बैठकका निर्णयहरू

१. विगतका सचिव बैठकका निर्णयहरूको कार्यान्वयनको प्रगति प्रतिवेदन पठाउँदा बैठकको निर्णय र सो को कार्यान्वयनको अवस्थाको बारेमा स्पष्ट उल्लेख गरी पठाउने। साथै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रेषित नेपाल सरकारको वार्षिक प्रतिवेदनको प्रारम्भिक मस्यौदामा कुनै मन्त्रालय/निकायले थप परिमार्जन वा अद्यावधिक गर्नुपर्ने भए २०८२ पौष १४ गतेभित्र अद्यावधिक गरी पठाउने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट विकास व्यवस्थापन क्षेत्र हेर्ने सचिवको नेतृत्वमा मिति २०८२/०८/२४ देखि २६ सम्म विभिन्न राष्ट्रिय गौरवका आयोजनाहरूको स्थलगत अनुगमनका क्रममा देखिएको आयोजनाको प्रगति, समस्या एवं सवालहरूको समीक्षा गरियो। अनुगमन प्रतिवेदनमा उल्लिखित समस्याका सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अर्थ मन्त्रालयका सचिवहरूले आवश्यक समन्वय गरी समाधान गर्ने।

३. चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन कार्ययोजनाको मन्त्रालयगत प्रगति समीक्षा गरियो। चालू आ.व.को कार्तिक मसान्तसम्म सम्पन्न गरिसक्नु पर्ने तर सुरु भै सम्पन्न नभएका माइलस्टोनहरू यथाशीघ्र सम्पन्न गर्ने र सुरु नभएका माइलस्टोनहरू तत्काल सुरु गर्ने।

४. २०८२ भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा जलेका सवारी साधन तथा अन्य भौतिक सम्पत्तिको मिनाहा तथा लिलाम बिक्रीका सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ असोज ५ गतेको निर्णयबमोजिम मिनाहा/लिलाम गर्न बाँकी मन्त्रालय/निकायले प्रचलित कानून बमोजिम मिनाहा प्रक्रिया सम्पन्न गरी पत्रमा लिलाम गर्नुपर्ने सामानहरूको एकमुष्ट सुची हस्तान्तरण गरेको पत्र शहरी विकास मन्त्रालयलाई पठाउने र शहरी विकास मन्त्रालयले लिलाम प्रक्रिया सम्पन्न गर्ने।

५. जेन-जी आन्दोलनको क्रममा ठूलो सङ्ख्यामा सरकारी सवारी साधनहरू आगजनी भै नष्ट भएको सन्दर्भमा सवारी साधनको समुचित व्यवस्थापनका लागि अघिल्लो सचिव बैठकका निर्णयबमोजिम नै गर्ने। हाल सञ्चालनमा रहेका र नयाँ सवारी साधन एवं भवनको अनिवार्य बीमा गर्ने व्यवस्था मिलाउने। मर्मत गर्न मिल्ने सवारी साधन तत्काल मर्मत गरी सञ्चालनमा ल्याउने। आवश्यकता र औचित्यका आधारमा तत्काल नयाँ सवारी साधन खरिद गर्नुपर्ने अवस्थामा अर्थ मन्त्रालयले स्रोत व्यवस्थापन एवं मार्गदर्शन गर्ने। सवारी साधनको दीर्घकालीन

मुख्य सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

व्यवस्थापनका लागि अर्थ मन्त्रालयले गरिरहेको अध्ययन कार्य यथाशीघ्र सम्पन्न गरी पेश गर्ने।

६. नेपाल सरकार र जेन-जी आन्दोलनका प्रतिनिधिबिच २०८२ मङ्सिर २४ मा भएको सम्झौता कार्यान्वयनको समन्वय र सहजीकरणका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव महादेव पन्थलाई जिम्मेवारी दिइएको र उक्त कार्यालयकै शासकीय सुधार महाशाखाका सहसचिवलाई सम्पर्क व्यक्ति तोकिएको सन्दर्भमा सम्झौतामा उल्लिखित विषयहरू चुस्त र प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रत्येक मन्त्रालय/आयोग/सचिवालयले एकजना सहसचिवस्तरको सम्पर्क व्यक्ति सात (७) दिनभित्र तोकी सोको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गराउने।

७. मन्त्रालयगत विशिष्ट समस्या र सोको सम्बोधनका सम्वन्धमाः

(क) आयोजना व्यवस्थापनका क्रममा सिर्जित कानूनी र वित्तीय दायित्वहरू फरफारक गर्नका लागि सम्बन्धित मन्त्रालय/निकायहरू थप जिम्मेवार भै कार्य गर्ने। जवाफदेहिता र उत्तरदायित्वबाट पन्छिने कार्यलाई निरुत्साहित गर्ने।

(ख) कुनै मन्त्रालय/निकायमा विद्यमान विशिष्ट र जटिल समस्या समाधानका लागि सरोकारवालाहरूसँग छलफल र समन्वय गरी समाधान गर्ने। कुनै पनि समस्या वा सवाललाई लामो समयसम्म अनिर्णित नराख्ने।

८. भ्रष्टाचार विरुद्ध निरोधात्मक र प्रवर्द्धनात्मक उपायहरू अवलम्वन गरी भ्रष्टाचार न्यूनीकरण गर्ने प्रमुख जिम्मेवारी तीनै तहका सरकार (नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह)को भएकोले नेपाल सरकारका मन्त्रालय/आयोग/सचिवालय/निकायको हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश सरकार अन्तर्गतका निकायको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको नेतृत्वमा आआफ्नो कार्यक्षेत्र भित्र पर्ने भ्रष्टाचारको दृष्टिले जोखिमयुक्त विषयवस्तु र क्षेत्र पहिचान गरी ती क्षेत्रमा हुन सक्ने सम्भावित भ्रष्टाचार र अनुचित कार्य नियन्त्रण गर्न निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरू तर्जुमा गरी अभियानकै रूपमा सञ्चालन गर्ने। साथै, अभियान सञ्चालन गर्दा नीजि क्षेत्र, गैरसरकारी तथा सामुदायिक संघ संस्था, आमसञ्चार र विकास साझेदारसँग समेत आवश्यक साझेदारी एवम् समन्वय गर्ने।

९. नेपाल पक्ष भएको भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि (United Nations Convention against Corruption - UNCAC)को कार्यान्वयन तथा नेपाल सरकारले जारी गरेको भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजनाको कार्यान्वयनका लागि सबै मन्त्रालय/आयोग/सचिवालयले



मुख्य सचिव

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

उल्लिखित दस्तावेजमा समावेश भएका क्रियाकलापहरूको कार्यान्वयनको प्रगति पठाउन तथा भ्रष्टाचारको रोकथाम र नियन्त्रणका सम्बन्धमा भए गरेका कामकारवाहीहरूको जानकारी गराउन एकजना उपसचिवस्तरको सम्पर्क व्यक्ति तोकी सात(७) दिनभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, शासकीय सुधार महाशाखामा पठाउने।

१०. सार्वजनिक निकायमा हुनसक्ने भ्रष्टाचार वा अनियमितताको रोकथाम तथा नियन्त्रण गर्न एवं सेवा प्रवाहलाई चुस्त, मितव्ययी, पारदर्शी, प्रविधिमैत्री र प्रभावकारी बनाउन गर्नुपर्ने सुधारका सम्बन्धमा शासकीय सुधारको ब्लुप्रिन्ट तयार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका शासकीय क्षेत्र हेर्ने सचिवको संयोजकत्वमा कार्यदल गठन गरी दुई महिनाभित्र प्रतिवेदन गर्ने व्यवस्था मिलाउने।

११. आगामी आर्थिक वर्षको बजेट तर्जुमाका लागि आयोजना बैङ्कमा प्रविष्ट गर्नुपर्ने आयोजनाहरूको विवरण समयमै प्रविष्ट गर्ने व्यवस्था मिलाउने।

१२. विधायन ऐन, २०८१ बमोजिम राजपत्रमा प्रकाशन गर्न, वेवसाइटमा राख्न र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा दर्ता गर्न बाँकी विधायनहरू (ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड आदि) प्रकाशन गर्ने/वेवसाइटमा राख्ने/ दर्ता गर्ने कार्य गर्न बाँकी भए २०८२ चैत्र २ गतेभित्र अनिवार्य रूपमा सम्पन्न गर्ने।

१३. सम्पत्ति शुद्धीकरणका सम्बन्धमा नेपाललाई ग्रेलिष्टबाट बाहिर निकाल्न कार्यान्वयनमा रहेको कार्ययोजना बमोजिम सम्बन्धित निकायले आफ्नो जिम्मेवारी अन्तर्गतको कार्य उच्च प्राथमिकताका साथ सम्पन्न गर्ने।

१४. LDC Graduation Smooth Transition Strategy तथा सोह्रौं योजनाको कार्यान्वयनमा क्षेत्रगत मन्त्रालय/निकायले उच्च प्राथमिकता दिई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा समेत समावेश गरी प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।

१५. नेपाल सरकार, मन्त्रिपरिषद्‌को निर्णयका लागि प्रस्ताव पठाउँदा कानूनी प्रावधान, प्रस्ताव लैजानु पर्ने औचित्य र भाषिक शुद्धतामा पर्याप्त ध्यान दिने। प्रचलित कानूनले स्पष्ट रूपले निर्णय गर्ने अधिकारी तोकेका विषयहरूमा समेत मन्त्रिपरिषद्‌को निर्णयका लागि प्रस्ताव पठाउने कार्य बन्द गर्ने।

१६. सार्वजनिक निकायको रूपमा गठन भएका/हुने परिषद, बोर्ड, केन्द्र, समिति आदिमा गरिने पदाधिकारीको नियुक्ति, योग्यता, पदाधिकारी सङ्ख्या लगायतका विषयमा एकरूपता कायम गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका सहसचिवको संयोजकत्वमा अर्थ मन्त्रालय, गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य



मुख्य सचिव

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

प्रशासन मन्त्रालयका उपसचिव रहेको कार्यदल गठन गर्ने। उक्त कार्यदलले एक महिनाभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिवेदन पेश गर्ने।

१७. विभिन्न मन्त्रालयसँग सम्बन्धित सार्वजनिक नीति (Public Policy) मा व्यवस्था भएका समिति, परिषद्, बोर्ड, केन्द्र आदिको नियमित रूपमा बैठक नबस्ने, औपचारिकताका लागि मात्र बैठक बस्ने, बैठकमा महत्वपूर्ण एजेण्डामा छलफल र निर्णय नहुने, भएका निर्णय कार्यान्वयन तथा अनुगमन नहुने गुनासो रहेको सन्दर्भमा त्यस्ता समिति, परिषद्, बोर्डको बैठकलाई नियमित तथा प्रभावकारी बनाउने। यस्ता संरचनाको आवश्यकता तथा संरचनामा रहने पदाधिकारीहरूको सम्बन्धमा पुनरावलोकन गर्नुपर्ने भए सम्बन्धित मन्त्रालयले सो को प्रकृया अगाडि बढाउने।

१८. कुनै सरकारी निकायमा लामो समयसम्म दरबन्दी रिक्त रही निमित्तबाट चलिरहेको अवस्थामा उक्त दरवन्दीको औचित्यको सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अध्ययन गरी एक महिना भित्र सुझाव पेश गर्ने।

१९. विभिन्न मन्त्रालय र निकायमा कर्मचारीहरूको छिटो छिटो सरूवा हुँदा संस्थागत सम्झना (Institutional Memory) नरहने, कर्मचारीको ज्ञान, सीप, अनुभवको उपयोग गर्न नसकिने विद्यमान अवस्थाले निजामती सेवाको व्यवसायिकता तथा कार्यकुशलतामा ह्रास आउँदै गरेको गुनासो रहेको सन्दर्भमा मन्त्रालयगत कर्मचारी समूह (Ministerial Cadre) विकासको लागि अध्ययन गरी प्रतिवेदन पेश गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिवको संयोजकत्वमा एक अध्ययन कार्यदल गठन गरी दुई महिना भित्र प्रतिवेदन लिने व्यवस्था मिलाउने। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तत्काल उक्त अध्ययन कार्यदल गठनको प्रक्रिया अगाडि बढाउने।

२०. आगामी प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सम्बद्ध सबैले आ-आफ्नो जिम्मेवारी पुरा गर्ने।

मुख्य सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं